REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs Date: 01.08.2024

Governor-Tributes Independence Icons

सिक्किमका नवनियुक्त राज्यपाल श्री ओमप्रकाश माथुरले आफ्नो कार्यकालको पहिलो दिन आज राजभवन परिसरमा महात्मा गान्धी, नेताजी सुभाष चन्द्र बोस र सरदार वल्लभभाई पटेलको प्रतिमामा पुष्पहार अर्पण गर्नुभयो। यो श्रद्धाभाव भारतको स्वतन्त्रता संग्राममा महत्त्वपूर्ण भूमिका खेल्ने र आधुनिक भारतका00 निर्माणमा उल्लेखनीय योगदान पुर्‍याउने नेताहरूप्रति सम्मानको प्रतीक हो। श्रद्धाञ्जली अर्पणपछि राज्यपाल श्री माथुर दिल्ली प्रस्थान गर्नुभयो।

LS-Education Grant: NSD

आज लोक सभामा शिक्षा मन्त्रालयसँग सम्बन्धित अनुदान मागमाथि छलफल भएको छ। छलफल सुरु गर्दै, भाजपाका तेजस्वी सूर्यले विगत 10 वर्षमा देशमा पूर्वाधार र शिक्षाको गुणस्तरमा उल्लेख्यनीय सुधार भएको बताउनुभयो। कांग्रेसका मोहम्मद जावेदले विद्यालय र कलेजहरूमा रिक्त पदहरूबारे प्रकाश पार्दै, विद्यालय र कलेजहरूमा धेरै सिट खाली रहेको मुद्दा उठाउनुभयो। त्यसै गरी, तृणमूल कांग्रेसका प्रतिमा मण्डलले केन्द्र सरकारका नीतिहरूले देशको शैक्षिक स्तर उकास्न नसकेको आरोप लगाउनुका साथै केन्द्रीय बजेटले सीप विकास कार्यक्रमलाई प्राथमिकतामा राख्न नसकेको बताउनुभयो।

Sikkim Team- Hyderabad: IPR

स्वच्छ भारत अभियान अन्तर्गत शहरी विकास विभाग, सिक्किम सरकारको शहरी स्थानीय निकायहरूको टोली फोहोर व्यवस्थापन सम्बन्धी आफ्नो ज्ञान र सीप बढाउन हैदराबाद भ्रमणमा छ। भ्रमणको उद्देश्य फोहोर व्यवस्थापनमा केन्द्रित तीनदिने गहन प्रशिक्षण कार्यक्रममा सहभागी हुनु हो। इन्जिनियरिङ स्टाफ कलेज अफ इन्डिया, हैदरावादले आयोजना गरेको यस प्रशिक्षण कार्यक्रमले सिक्किमको टोलीलाई प्रभावकारी र दिगो रूपमा फोहोर व्यवस्थापन सम्बन्धी नवीनतम रणनीति, प्रविधि र उत्कृष्ट अभ्यासहरू प्रदान गर्ने लक्ष्य राखेको छ। तालिम अवधिमा, सहभागीहरू फोहोर व्यवस्थापनको अवधारणा र ढाँचाबारे उनीहरूको बुझाइलाई तिखार्न डिजाइन गरिएका अन्तरक्रियात्मक सत्र, कार्यशाला, र व्यावहारिक गतिविधिमा संलग्न हुनेछन्। टोली सदस्यहरू यस गहन सिकाइ अनुभवबाट बहुमूल्य अन्तर्दृष्टि र व्यावहारिक सीप प्राप्त गर्न तयार छन्, जुन उनीहरूले सिक्किम फर्केपछि सम्बन्धित स्थानहरूमा लागू गर्न सक्छन्।

Investors Meeting: IPR

वाणिज्य तथा उद्योग विभाग अनि पर्यटन र नागरिक उड्डयन विभाग मन्त्री श्री छिरीङ थेन्डुप भोटियाले जुलाई 30 को दिन दिल्ली र बेङ्लोरका लगानीकर्ताहरूसँग बैठक गर्नुभयो। बैठकका क्रममा पाकिमदेखि बागडोग्रा र दिल्लीसम्म हवाई सम्पर्क स्थापना गर्ने र राज्यभरि वाटर एटीएम स्थापना गर्नेबारे विस्तृत छलफल भएको छ। बेङ्लोरका लगानीकर्ताले जौँ, गहुँ, चामल र मकैबाट बियर उत्पादन गर्न सिक्किममा बियर उद्योग स्थापना गर्न चासो देखाएको छ। वाटर एटीएम पनि अर्को महत्त्वपूर्ण परियोजना हो, जसमा सिक्किमका धेरै स्थानमा वाटर एटीएम मेसिन स्थापना गरी स्थानीय जनता र पर्यटकहरूलाई शुद्ध पानी न्यूनतम मूल्यमा उपलब्ध गराउन सकिने लक्ष्य राखिएको छ। मन्त्री श्री भोटियाले सिक्किममा स्थानीय लगानीकर्ता र बाहिरका लगानीकर्ताहरू मार्फत औद्योगिक क्षेत्रलाई बलियो बनाउन अनि सिक्किमका स्थानीय युवाहरूका लागि रोजगारीका अवसरहरू खोल्न सिक्किममा लगानी बढाउने अन्य सम्भावित परियोजनाहरूलाई प्राथमिकता दिनुभएको छ।

India-Olympic: NSD

पेरिसमा सम्पन्न भइरहेको 33 औँ ग्रीष्मकालीन अलम्पिक खेलमा भारतले तेस्रो कास्य पदक जितेको छ। भारतका लागि स्वप्निल कुसलले आज पुरुष वर्गको 50 मिटर राइफल प्रतियोगितामा यो तेस्रो कास्य पदक जितेका हुन्। उनले कुल 451.4 स्कोर गरे। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले स्वप्निललाई यो उपलब्धिका लागि हार्दिक बधाई दिनुभएको छ। सोही प्रतियोगितामा चिनियाँ खेलाडी ली युकुनले कुल 463.6 स्कोर गरेर स्वर्ण पदक जिते भने युक्रेनी खेलाडी कुलिस सेहारीले रजत पदक जितेका छन्।

Mangan-Independence Football: Wangchuk Bhutia

दिक्चु वरिष्ठ माध्यमिक विद्यालयमा आज स्वतन्त्रता दिवस उत्सव फुटबल प्रतियोगिता सुरु भयो। कार्यक्रममा तुमिन लिङ्गीका क्षेत्रीय विधायक श्री साम्दुप छिरिङ भोटिया प्रमुख अतिथिका रूपमा उपस्थिति हुनुहुन्थ्यो।

Pakyong-Sports Culture: IPR

हालैका वर्षहरूमा, पाकिम जिल्लाले खेलकुद क्षेत्रमा महत्त्वपूर्ण परिवर्तन ल्याएर स्ट्रेन्थ लिफ्टिङप्रति बढ्दो लोकप्रियता हासिल गरेको छ। यसै क्रममा भर्खरै कजाकस्तानका ओस्मान शहरमा आयोजित 11 औँ विश्व स्ट्रेन्थ लिफ्टिङ र इनलाइन बेन्च प्रेस च्याम्पियनसिपमा भारतको प्रतिनिधित्व गर्दै सिक्किमका 15 खेलाडीहरूले आफ्नो प्रतिभा र समर्पण देखाएका छन्।